Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी

# वृत्ति परामर्श (Career Guidance) : एक परिचय

## १. पृष्ठभूमि



नेपालमा वृत्ति छनौट गर्ने मुख्य आधार प्रतिस्पर्धात्मक परीक्षाको प्राप्तांक नै हो । कुनै विद्यार्थीले उच्च अंक प्राप्त गरेमा ऊ चिकित्साशास्त्र या इञ्जिनियरिड विषय अध्ययन गर्न योग्य हुन्छ साथै उसका अभिभावक र शिक्षकले पनि उक्त विद्यार्थीको रुची र खुबीका विषयमा विचार नगरी उसले यिनै विषय छनौट गर्ने अपेक्षा राख्दछन् । नेपालमा ज्यादै कम युवाहरुलाई यहाँ संभव भएका वृत्तिमार्गहरुबारे पूर्ण जानकारी छ। साथै, जसका कुनै सपना छन्, उनीहरुलाई पनि उक्त वृत्तिमार्ग अपनाउन चाहिने योग्यता या शिक्षालयको बारेमा आवश्यक जानकारी उपलब्ध नहुन सक्दछ ।

विद्यालयमा बालबालिकालाई उचित तवरले वृत्तिमार्ग निर्देशन उपलब्ध हुने हो भने उनीहरु आफूलाई सुहाँउदो वृत्तिपथ छनौट गर्न, आवश्यक योग्यताका बारेमा जानकारी प्राप्त गर्न र यसका लागि उत्साहका साथ लाग्न समर्थ हुने थिए । यसरी नै, आफ्नो रुचि अनुसारका मिल्दाजुल्दा अन्य पेशाका बारेमा पनि जानकारी बटुल्न सक्ने थिए ।

इन्स्योरले विद्यार्थी र समाजमाभ्क विभिन्न पेशाका महत्त्वका बारेमा सचेतना फैलाउने, समाज सहज रुपमा चल्नका लागि ती पेशाका कामदारको देन, श्रम बजारमा माग बढ्दो क्रममा रहेका नयाँ वृत्तिका संभावनाहरु तथा वृत्ति विकासको क्रममा सुसूचित निर्णय लिन सक्षम बनाउने उद्देश्य राखेको छ ।

## २. लक्षित समूहहरु

- विद्यालय जाँदै गरेका बालबालिकाहरु

## ३. कार्यान्वयन विधि

- विद्यालयहरुमा वृत्ति परामर्श सत्र
- वृत्ति परामर्श सूचना केन्द्र
- वृत्ति मेला

## ३.क. विद्यालयमा वृत्ति परामर्श कार्यक्रम

ENSSURE परियोजनाले वृत्ति मार्ग पहिल्याउन आवश्यक भएका सबैजनालाई समेट्ने उद्देश्य राखेतापनि हाल विद्यालयहरुमा मात्र सिमित गरेको छ ।

- “विद्यालयमा वृत्ति परामर्श कार्यक्रम” सामुदायिक विद्यालयका कक्षा ९ का विद्यार्थीहरुलाई लक्षित गरिएको छ । (यद्यपि भविष्यमा निजी विद्यालयहरु पनि समेटिन सक्नेछन् ।)

- वृत्ति परामर्श सहजकर्ताहरुलाई वृत्ति परामर्श लागि प्रशिक्षित गरिन्छ ।
- छनौट भएका विद्यालयका दुई जना शिक्षकहरु (यथाशक्य एक महिला र एक पुरुष शिक्षक) लाई वृत्ति परामर्शका सत्र सञ्चालनका लागि प्रशिक्षण दिइन्छ ।
- दुई जना शिक्षक र एक जना वृत्ति परामर्श सहजकर्ताको समूहले वृत्ति परामशका सत्र सञ्चालन गर्दछ ।
- कक्षा ९का विद्यार्थीहरुका लागि छ वटा सत्रहरु सञ्चालन गरिन्छ ।
- एउटो फलो-अप सत्र ती विद्यार्थीहरु कक्षा १० मा पुगेपछि सञ्चालन गरिन्छ ।

## ३. ख. वृत्ति मेला

रोजगारीको खोजीमा रहेका युवा तथा कुनै रोजगारीमा रहेका व्यक्तिहरुलाई लक्षित गर्दै परियोजनाले वृत्ति मेलाको आयोजना गर्दछ । श्रम बजारमा प्रवेश गर्न लागेका, कुनै पेशामा रहेका तर विभिन्न कारणले वैकल्पिक रोजगारीको खोजीमा रहेका, वैदेशिक रोजगारीमा जान चाहने र वैदेशिक रोजगारबाट फर्किई स्वदेशमा नै रोजगारमा संलग्न हुन चाहने व्यक्तिहरुलाई रोजगारदाता तथा तालीम प्रदायक संस्थालाई एकै स्थानमा ल्याई रोजगार प्राप्त गर्न या रोजगारीका लागि आवश्यक सीप प्राप्त गर्न सहजीकरण गरिन्छ । यसमा त्यस्ता व्यक्तिहरुलाई संभावित नयाँ वृत्ति, वृत्तिपथ, तालीम प्रदायक, र अन्य सरोकारवालाहरुका बारेमा जानकारी दिइन्छ । यसपछि उनीहरुले थप जानकारीका लागि तालीम प्रदायक र सरोकारवालाहरुसँग सम्पर्क गर्न सक्दछन् ।

## ३. ग. वृत्ति परामर्श सूचना केन्द्र

ENSSURE परियोजनाले रोजगागरीको खोजीमा रहेका व्यक्तिहरुलाई सहयोग गर्ने उद्देश्यले वृत्ति परामर्श सूचना केन्द्र सञ्चालनको योजना राखेको छ । यस्ता सूचना केन्द्रका लाभग्राही वैदेशिक रोजगारीमा जान चाहने र वैदेशिक रोजगारबाट फर्किई स्वदेशमा नै रोजगारमा संलग्न हुन चाहने व्यक्ति या उनीहरुका परिवारजन या अभिभावकहरु हुनेछन् । सूचना केन्द्रले वृत्ति परामर्श, यस्ता सूचना केन्द्रले लाभग्राहीलाई उनीहरुको चाहना र आवश्यकता अनुसार वृत्ति परामर्श प्रदान गर्नेछ । वृत्ति परामर्श, वृत्तिमा निर्देशन, कुनै पनि पेशाका बारेमा विस्तृत जानकारी, कुनै पनि व्यावसायिक, प्राविधिक या अन्य वृत्तिको उपयुक्तताका लागि स्वमूल्यांकनका साधन केन्द्रका आगन्तुकलाई उपलब्ध गराइन्छ । उपरोक्त कार्यक्रमका लागि स्थानीय सरकारसँग सहकार्य गर्दै उद्योगव्यवसायी तथा अन्य सरोकारवालाहरुको सहयोगमा सञ्चालन गरिन्छ ।

## परियोजनाबारे

दिगो तथा सम्मानित रोजगारीका लागि सीप (Enhanced Skills for Sustainable and Rewarding Employment (ENSSURE) परियोजना नेपाल सरकार तथा स्वीस सरकारको सहकार्यमा सन् जनवरी २०१६ देखि २०२२ सम्मको लागि र ENSSURE दोस्रो चरण सेप्टेम्बर २०२१ देखि २०२५ सम्मको लागि संचालनमा छ । यस परियोजनाको पहिलो चरणको कार्यान्वयन प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) ले गरिरहेको छ भने दोस्रो चरणको कार्यान्वयन प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) ले संघीय स्तरमा, प्रदेश स्तरमा सामाजिक विकास मन्त्रालय र स्थानीय तहमा नगरपालिकाहरुले गरिरहेको छ । दुबै चरणमा हेल्भेटास नेपालले प्राविधिक सहयोग प्रदान गर्दै आइरहेको छ । विद्यालयमा वृत्ति मार्ग निर्देशन कार्यक्रम इन्स्योरको उपअवयव वृत्ति मार्ग निर्देशन सेवाअन्तर्गत रहेको छ ।


**थप जानकारीको लागि सम्पर्क ठेगाना**

ENSSURE
Enhanced Skills for Sustainable and Rewarding Employment

दिगो तथा सम्मानित रोजगारीको लागि सीप परियोजना
फोन नम्बर: ०१–६६३६१९१/६६३६०७३/६६३४४४३
टोल फ्री नम्बर: १६६००१००२२२
वेब: www.enssure.org.np

ENSSURE प्रदेश सहयोग इकाईहरु :

प्रदेश नं १, विराटनगर
०२१-४६३५०४

बागमती प्रदेश, हेटौडा
०५७-५२०६६९

लुम्बिनी प्रदेश, बुटवल
०७१-५४३२६५


**कार्यान्वयनकर्ता:**

CTEVT 1989

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं १, विराटनगर ,मोरङ

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश,हेटौडा

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
मुकाम: बुटवल, नेपाल

स्थानीय तहमा नगरपालिकाहरू

**प्राविधिक सहयोग:**

HELVETAS NEPAL